आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :६

आज मिति २०८२/०८/१२ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री ङन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | वडा अध्यक्ष | ८नं | श्री नविन कुमार आले |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोख्रेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पर्शुराम उपाध्याय . |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| | प्रशासकीय अधिकृत | गाउँपालिका | श्री पिताम्बर पोख्रेल |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुङ्गाना |
| | कार्यालय सहयोगी | गाउँपालिका | श्री सन्तोष पौडेल |

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

कार्यसूची (२०८२/०८/१२)

| सि. नं | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १ | राष्ट्रपती रनिङ शिल्ड संचालन सम्बन्धमा। | शिक्षा युवा तथा खेलकुद शाखा | भएको |
| २ | १ नं. वडा कार्यालय भवन निर्माणका लागि साझेदारी प्रस्ताव पेश गर्ने सम्बन्धमा। | योजना शाखा | भएको |
| ३ | बिरुवा आधारभूत अस्पताल संचालन तथा समुद्घाटन सम्बन्धमा। | प्रशासन/स्वास्थ्य शाखा | भएको |
| ४ | पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | योजना शाखा | भएको |
| ५ | साझेदारीमा सामुदायिक भवन निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | योजना शाखा | भएको |
| ६ | खरको छाना विस्थापन कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | योजना शाखा | भएको |
| ७ | मुख्यमन्त्री नवप्रर्वतन कार्यक्रमका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धमा। | योजना शाखा | भएको |
| ८ | कर्मचारी पदपूर्ती सम्बन्धमा। (HA,ANM,AHW,PHN) | प्रशासन शाखा | भएको |
| ९ | उपभोक्ता समिति गठन सम्बन्धमा (बिरुवा बजार सडक नाली निर्माण-१२९ र बिरुवा बजार चोक देखी वालदेवी मन्दिर सम्म सडक स्तरोन्नती-१८५) | योजना शाखा | भएको |
| १० | योजना सम्झौता सम्बन्धमा। | योजना शाखा | भएको |
| ११ | सवारी साधन भाडामा लिने सम्बन्धमा। | अध्यक्षज्युको सचिवालय | भएको |
| १२ | घटना दर्ता संशोधन सम्बन्धमा। | पञ्जीकरण शाखा | भएको |
| १३ | विद्यार्थीसंग अध्यक्ष कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | अध्यक्षज्युको सचिवालय | भएको |
| १४ | सिँचाई कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | अध्यक्षज्युको सचिवालय | भएको |
| १५ | गण्डकी प्रदेश सरकार उद्योग मन्त्रालय र बिरुवा गाउँपालिका विच अन्तरक्रिया सम्बन्धमा। | अध्यक्षज्युको सचिवालय | भएको |
| १६ | युवा आयआर्जन कार्यक्रम कार्यान्वयन सम्बन्धमा। | रोजगार सेवा केन्द्र | भएको |
| १७ | विविध | | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।१२

निर्णय नं. १ मा छलफल गर्दा २०८२ मंसिर १४-१६ गतेसम्म पुष्पमदन खेलमैदान मेथाभुरुङ्गमा संचालन हुने गरी आयोजना गरिएको बिरुवा गाउँपालिका स्तरीय सातौं राष्ट्रपती रनिङ शिल्ड कार्यक्रम व्यवस्थित र मर्यादित रुपमा संचालन गर्ने, समापन समारोहमा उद्योग तथा पर्यटन गण्डकी प्रदेशका माननीय मन्त्री मित्रलाल बस्यालको प्रमुख आतिथ्यमा पालिका स्तरिय राजनैतिक दलका प्रमुख वा प्रतिनिधि, सामाजिक व्यक्तित्वसमेतको उपस्थितिमा खेल संचालन गरी समापन गर्ने निर्णय गरियो।

निर्णय नं .२ मा छलफल गर्दा गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयद्धारा मिति २०८२/०८/०८ गते लागत साझेदारीमा स्थानीय तहको प्रशासकीय भवन तथा वडा कार्यालय निर्माणका लागि प्रकाशित सूचना बमोजिम बिरुवा गाउँपालिका १ नं वडा कार्यालय भवन निर्माणका लागि साझेदारीको प्रस्ताव पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै उक्त योजनामा स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड-२०८१ को दोस्रो संशोधन बमोजिम गाउँपालिकाले गर्नुपर्ने साझेदारीका लागि अपुग रकम आगामी गाउँसभाबाट व्यस्थापन तथा सुनिश्चित गरी उक्त रकम खर्च गर्ने निर्णय गरियो।

निर्णय नं .३ मा छलफल गर्द बिरुवा गाउँपालिकाद्धारा संचालनको तयारी अवस्थामा रहेको बिरुवा आधारभूत अस्पताल बिरुवा -६ को मिति २०८२।८।२१ गते स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशका माननीय मन्त्री कृष्ण प्रसाद पाठकज्यूको प्रमुख आतिथ्यतामा उदघाटन कार्यक्रम संचालन गर्ने र सो कार्यक्रममा प्रदेशका सभा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रमुख वा प्रतिनिधिहरु, सामाजिक व्यक्तित्वहरु र आम नागरिकहरुलाइ निमन्त्रण गरी कार्यक्रम सफल बनाउने निर्णय गरियो ।

निर्णय नं. ४ मा छलफल गर्दा बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा समावेश पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयनका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम रीतपूर्वक निवेदन पेश गरेका तपसिल समुहहरुलाई समावेश गरी निम्नानुसार बजेट विनियोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै साझेदारीमा कार्य गर्न इच्छुक समुह/ समितिका लागि सडक पूर्वाधार तर्फको सूचना समेत प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र. स. | योजनाको नाम र कार्यान्वयन हुने ठेगाना | पेश गर्ने संस्था/निकायको नाम ठेगाना | गाउँपलिकाको साझेदारी रकम | सम्बन्धित संस्थाको साझेदारी | जम्मा रकम | कै. |
|---|---|---|---|---|---|---|

परशुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।१२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | भित्रिबारी सिंचाई कुलो निर्माण, बिरुवा-४ | भित्रिबारी सिंचाई कुलो उपभोक्ता समिति, बिरुवा-४ | १,४०,०००/- (एक लाख चालिस हजार) | ६०,०००/- (साठ्ठी हजार) | २,००,०००/- (दुई लाख) | सिंचाई कुलो |
| २ | बगरखोला कुलो निर्माण, बिरुवा-४ | बगरखोला कुलो उपभोक्ता समिति, बिरुवा-४ | २,१०,०००/- (दुई लाख दश हजार) | ९०,०००/- (नब्बे हजार) | ३,००,०००/- (तिन लाख) | |
| ३ | सुरुङ्ग सडक बत्ती योजना, बिरुवा-७ | समाज कल्याण कृषि आमा समूह, बिरुवा -७ | २,१०,०००/- (दुई लाख दश हजार) | ९०,०००/- (नब्बे हजार) | ३,००,०००/- (तिन लाख) | सडक बत्ती |
| ४ | मेथाभुरुङ्ग सडक बत्ती योजना-बिरुवा-८ | मेथाभुरुङ्ग टोल विकास संस्था, बिरुवा-८ | २,८०,०००/- (दुई लाख असी हजार) | १२०,०००/- (एक लाख वीस हजार) | ४,००,०००/- (चार लाख) | |
| जम्मा | | | ८,४०,०००/- (आठ लाख चालीस हजार) | ३,६०,०००/- (तीन लाख तीस हजार) | १२,००,०००/- (बाह्र लाख) | |

निर्णय नं. ५ मा छलफल गर्दा बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा समावेश साझेदारीमा सामुदायिक भवन निर्माण कार्यक्रम कार्यान्वयनका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम रीतपूर्वक निवेदन पेश गरेका तपसिल समुहहरुलाई समावेश गरी निम्नानुसार बजेट विनियोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल :

| क्र.स. | योजनाको नाम र कार्यान्वयन हुने ठेगाना | पेश गर्ने संस्था/निकायको नाम ठेगाना | गाउँपलिकाको साझेदारी रकम | सम्बन्धित संस्थाको साझेदारी | जम्मा रकम | कै. |
|---|---|---|---|---|---|---|

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।१२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | इन्द्र कमल क्याङ्जाली आमा समूह भवन निर्माण, बिरुवा-२ | इन्द्र कमल क्याङ्जाली आमा समूह, बिरुवा-२ | २,००,०००/- (दुई लाख) | १,३३,३३३/-(एक लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ३,३३,३३३/- (तीन लाख तेत्तीस हजार तीन सय तेत्तीस) | |
| २ | मिलन क्लब भवन निर्माण, बिरुवा-४ | मिलन क्लब भवन निर्माण, बिरुवा-४ | ५,००,०००/- (पाँच लाख ) | ३,३३,३३३/-(तीन लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ८,३३,३३३/- (आठ लाख तेत्तीस हजार तीन सय तेत्तीस) | |
| ३ | खुदि तमु समाज भवन निर्माण, बिरुवा-४ | खुदि तमु समाज, बिरुवा-४ | २,००,०००/- (दुई लाख) | १,३३,३३३/-(एक लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ३,३३,३३३/- (तीन लाख तेत्तीस हजार तीन सय तेत्तीस) | |
| ४ | खाङ्राङ्ग सामुदायिक भवन निर्माण, बिरुवा-३ | बराह चण्डी आमा समूह, बिरुवा-३ | २,००,०००/- (दुई लाख) | १,३३,३३३/-(एक लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ३,३३,३३३/- (तीन लाख तेत्तीस हजार तीन सय तेत्तीस) | |
| ५ | दिव्य ज्योती आमा समूह भवन निर्माण, बिरुवा-७ | दिव्य ज्योती आमा समूह भवन निर्माण, बिरुवा-७ | ५,००,०००/- (पाँच लाख ) | ३,३३,३३३/- (तीन लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ८,३३,३३३/- (आठ लाख तेत्तीस हजार तीन सय तेत्तीस) | |
| ६ | कालिका देवी आमा समूह भवन निर्माण, बिरुवा-७ | कालिका देवी आमा समूह भवन निर्माण, बिरुवा-७ | २,००,०००/- (दुई लाख) | १,३३,३३३/-(एक लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ३,३३,३३३/- (तीन लाख तेत्तीस हजार तींन सय तेत्तीस) | |
| ७ | तल्लो बलेउ सामूदायिक भवन निर्माण, बिरुवा-६ | | २,००,०००/- (दुई लाख) | १,३३,३३३/-(एक लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ३,३३,३३३/- (तीन लाख तेत्तीस | |

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।१२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | हजार तीन सय तेत्तीस) | |
| जम्मा | | | २०,००,०००/- (वीस लाख) | ११,३३,३३३/- (एघार लाख तेत्तीस हजार तीन सय तेत्तीस) | ३३,३३,३३३/- (तेत्तीस लाख तेत्तीस हजार तीन सय तेत्तीस) | |

निर्णय नं ६ मा छलफल गर्दा बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रममा समावेश खरको छाना विस्थापन कार्यक्रम कार्यान्वयनका लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम रीतपूर्वक निवेदन पेश गरेका खरको छाना भएका निवेदनकर्ताहरुको अवस्था एकीन गरी कार्यपालिका समक्ष २०८२ मंसिर मसान्तभित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिम एक अनुगमन तथा निरीक्षण समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल :

संयोजकः श्री कृष्ण बहादुर क्षेत्री वडाध्यक्ष १ बिरुवा गाउँपालिका
सदस्यः श्री नोम बहादुर गुरुङ वडाध्यक्ष २ बिरुवा गाँउपालिका
सदस्यः श्री पालसिङ बि.क. कार्यपालिका सदस्य बिरुवा गाउँपालिका
सदस्यः श्री विज्ञान के.सी. इन्जजिनियर बिरुवा गाउँपालिका
सदस्य सचिव श्री दिपक ढुङ्गाना योजना अधिकृत बिरुवा गाउँपालिका

निर्णय नं. ७ मा छलफल गर्दा गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रकाशित सूचना अनुसार मुख्यमन्त्री नवप्रर्वतन साझेदारी कार्यक्रमका लागि बिरुवा गाँउपालिकामा कृषि उपज मूल्य श्रृखला बिकास परियोजनाको प्रस्ताव तयार गरी पेश गर्ने र नियमानुसार उक्त परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने रकम गाउँपालिकाको तर्फबाट साझेदारी गर्ने साथै उक्त परियोजना कार्यान्वयनका लागि तपसिल बमोजिम सदस्य रहने निर्णय गरियो।

तपसिल :

संयोजक : पर्शुराम उपाध्याय, प्रमुख प्रशासकीय अधिकृत
सदस्यः पिताम्बर पोखेल, प्रशासकीय अधिकृत
सदस्यः प्रमिला पौडेल, इन्जिनियर
सदस्यः शंकर चापागाई, लेखा शाखा
सदस्यः दिपक ढुंगाना योजना शाखा
सदस्य सचिवः सन्तोष बि.क., कृषि अधिकृत

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।१२

निर्णय नं. ८ मा छलफल गर्दा बिरुवा गाउँपालिका कार्यालय अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको स्वीकृत दरबन्दीमा देहायका पदहरु रिक्त हुन गएकोले उक्त रिक्त पदहरु हाललाइ करार पदपूर्तिको माध्यमबाट कर्मचारी पदपूर्ति गर्ने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | पद/तह | रिक्त संख्या | क्र.सं. | पद/तह | रिक्त संख्या |
|---|---|---|---|---|---|
| १ | अ.न.मी. (चौथो) | १ | ३ | प.हे.न.(पाँचौ) | १ |
| २ | अ.हे.ब. (चौथो) | १ | ४ | हे.अ. (पाँचौ) | १ |

निर्णय नं. ९ मा छलफल गर्दा बिरुवा गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक योजना तथा कार्यक्रममा समावेश बिरुवा बजार सडक नाली निर्माण-१२९ र बिरुवा बजार चोक देखी वालदेवी मन्दिर सम्म सडक स्तरोन्नती-१८५ योजनाको नाम फरक भएतापनि उक्त योजनाहरु एउटै स्थानमा कार्यान्वयन हुने र कामको प्रकृति समेत एउटै रहेकोले उक्त दुवै योजनाको नाम संशोधनका लागि हिउदे अधिवेशनमा पेश गर्ने र हाल उक्त योजनाको कार्य संचालनका लागि आदेश दिने निर्णय गरियो ।

निर्णय नं. १० मा छलफल गर्दा आ.व. २०८२/८३ को लागि स्वीकृत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने वार्षिक योजना तथा कार्यक्रम कार्यन्वयनका लागि २०८२ मंसिर मसान्तभित्र योजना सम्झौता गरिसक्ने निर्णय गरियो।

निर्णय नं. ११ मा छलफल गर्दा बिरुवा गाउँपालिका कार्यालयमा रहेको चारपाङ्ग्रे सवारी साधन यही २०८२ भाद्र २४ गते भएको आन्दोलनको क्रममा पूर्ण रुपमा क्षती भएकोले कार्यालयको नियमित अनुगमनका कार्यहरु गर्नका लागि असहजता भएकोले नयाँ सवारी साधन खरिद नहुँदा सम्मका लागि नियमानुसार चारपाङ्ग्रे सवारी साधन भाडामा लिने निर्णय गरियो।

निर्णय नं. १२ राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ बमोजिम घटना दर्ता संशोधन गर्दा जन्ममिति संशोधनको विषयमा रहेको अस्पष्टताका कारण जन्ममिति संशोधन हुन नसक्दा कतिपय विद्यार्थीहरु माध्यमिक शिक्षा उतीर्ण परीक्षामा सहभागी हुन नपाउने अवस्था सिर्जना भएकोले उक्त समस्या समाधानका लागि आवश्यक सहजीकरणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मतीले निर्णय गरियो।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति २०८२।०८।१२

निर्णय नं. १३ बिरुवा गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रममा समावेश विद्यार्थीसंग अध्यक्ष कार्यक्रमबाट बिरुवा गाउँपालिका भित्रका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको दाँतको स्क्रिनिङ तथा उपचार गर्ने र सो कार्यक्रम २०८२ मंसिर १९ देखी २५ सम्म गाउँपालिका भित्रका माध्यमिक विद्यालयमा संचालन गर्ने साथै स्क्रिनिङका लागि पायक पर्ने बिद्यालयका बिद्यार्थी एवं दक्ष मेडिकल टिमको यातायात व्यवस्था समेत मिलाउने निर्णय गरियो।

निर्णय नं. १४ बिरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश सिँचाई कार्यक्रम शिर्षकको रकमबाट तपसिल सिँचाई योजनाहरुको निर्माण तथा मर्मत गर्ने निर्णय गरियो।

तपसिल :

राक्सेघाट सिँचाई कुलो मर्मत, बिरुवा-१ — रु ५,००,०००/-

निर्णय नं. १५ गण्डकी प्रदेश उद्योग तथा पर्यटन मन्त्रालय र बिरुवा गाउँपालिका विच घरेलु मदिरा उत्पादन तथा बजारीकरणका विषयमा २०८२/०८/१७ गते बिरुवा गाउँपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १६ बिरुवा गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रममा समावेश युवा आर्यआर्जन कार्यक्रमबाट बिरुवा गाउँपालिका भित्रका १८-४० बर्ष भित्रका युवाहरुको लागि चारपाङ्ग्रे सवारीसाधन चलाउने तालिम प्रदान गर्ने र सो को लागि सूचना प्रकाशन गरी अन्य प्रक्रिया अगाडी बढाउने सर्वसम्मतीले निर्णय गरियो।

निर्णय नं १७ मा छलफल गर्दा Madan Bhandari Sports Academy , काठमाण्डौलाइ रु चालिसहजार रुपैया भुक्तानी दिने निर्णय गरियो ।

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत